**सेट-घ**

**बिषय कोडःSol ००५**

**कक्षाः १२**

**बिषयः सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा**

**समयः ३ घन्टा** **पूर्णाअंकः ७५**

**समूह 'क'**

**अति छोटो उत्तर आउने प्रश्नहरु ( ११X १=११)**

१. पूर्वीय चिन्तन परम्परा भन्नाले के बुझिन्छ ?
२. तथ्याङ्कका स्रोतहरु के के हुन् उल्लेख गर्नुहोस् ?
३. सामाजिक अध्ययन अनुसन्धानमा प्रयोग हुने कुनै ४ ओटा विधिहरु उल्लेख गर्नुहोस् ।
४. सिर्जनात्मक चिन्तन गर्ने व्यक्ति सँग हुने कुनै दुई विशेषताहरु लेख्नुहोस् ।
५. एक वाक्यमा दर्शनको परिभाषा लेख्नुहोस् ।
६. तपाइँको परिवारको ३ पुस्ताको वंशावली चार्ट तयार पार्नुहोस् ।
७. नेपालमा फौजदारी कसूर/अपराध नियन्त्रणका लागि बनेका कानूनहरुको नाम लेख्नुहोस् ।
८. नेपाल कस्तो शासन व्यवस्था अपनाउने देश हो ?
९. नेपालमा बसाइँ सराइँका कुनै दुई ओटा कारणहरु उल्लेख गर्नुहोस् ।
१०. नेपालको पन्ध्रौ आवधिक योजनाले तय गरेका कुनै दुईओटा वैदेशिक रोजगारका कार्यनीतिहरु उल्लेख गर्नुहोस् ।
११. शिक्षाले देशको अर्थतन्त्रलाई कसरी सबल बनाउन सकिन्छ ? कुनै दुई ओटा उपायहरु उल्लेख गर्नुहोस् ।

**समूह 'ख'**

**छोटो उत्तर आउने प्रश्नहरु ( ८ X ५ = ४०)**

१२. जीवनोपयोगी सिप भनेको के हो ? जीवनोपयोगी सिप अन्तर्गत पर्ने ६ ओटा मुख्य क्षेत्रहरु के के हुन् ?

अथवा

सामाजिक अध्ययन अनुसन्धान भनेको के हो? सामाजिक अध्ययनमा अनुसन्धानको उद्देश्य तथा महत्त्वमाथि प्रकाश पार्नुहोस् ।

१३. "दर्शन बौद्धिक साथसाथै प्रायोगिक विद्या पनि हो" पुष्टि गर्नुहोस् ।
१४. नेपालमा प्राकृतिक विपतका कारणहरु उल्लेख गर्दै विपत व्यवस्थापनका कुनै ४ ओटा उपायहरु उल्लेख गर्नुहोस् ।
१५. नेपालको इतिहासको काल विभाजनका सम्बन्धमा छोटकरीमा लेख्नुहोस् ।
१६. बेइजिङघोषणा पत्रले निर्धारण गरेका महिला सरोकारका क्षेत्रहरु के के हुन् ?
१७. 'किशोर किशोरीका लागि यौन तथा प्रजननको विषय अधिकार र कर्तव्य दुवै हो' भन्ने विषय मा एक सम्पादकीय तयार गर्नुहोस् ।
१८. नेपालमा देखिएका सहरीकरणका चुनौतिहरु के के हुन् ?
१९. आर्थिक विकासका सूचकहरु के के हुन् ? बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।

अथवा

शिक्षामा समूदायको सहभागितका विषयमा विद्यार्थी र शिक्षक बिचको एक संवाद तयार गर्नुहोस् ।

**समूह 'ग'**

**लामो उत्तर आउने प्रश्नहरु ( ३ X ८=२४)**

२०. विश्व स्वास्थ्य सङ्गठनका अनुसार जीवनोपयोगी सीपहरुलाई कति समूहमा वर्गिकरण छ ? उक्त सीपहरुलाई एउटा चार्टमा देखाइ तिनिहरुको छोटकरीमा व्याख्या गर्नुहोस्।

२१. लैङ्गिक समावेशीकरणका चरणहरु उल्लेख गर्दै महिला सशक्तिकरणका उपायहरु उल्लेख गर्नुहोस् ।

अथवा

सामाजिक अन्तर्निर्भरता अहिलेको आवश्यक्ता हो भन्ने शिर्षकमा एक वक्तृत्वकला प्रतियोगीताको लागि नमुना तयार गर्नुहोस् ।

२२. नेपालको अन्तर्राष्ट्रिय सम्बन्धका बारेमा सविस्तार उल्लेख गर्नुहोस् ।